पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎ ०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०७१४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेवसाइट: www.puexam.edu.np

प.सं. :
च.नं. :

मिति२०७९।०२।१७........

श्री क्याम्पस प्रमुखज्यू,
**B.Pharmacy/BPH** अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेजहरू

विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्धारा २०७८ सालमा सञ्चालन हुने **चिकित्साशास्त्र** संकाय अन्तर्गत ४ बर्षे **B.Pharmacy/BPH शैक्षिक कार्यक्रमको प्रथम सेमेस्टर नियमित तर्फका** त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई **२०७९।०२।३०** गते भित्र **परीक्षा आवेदन फारम भराई मिति २०७९।०३।०१** गते नियमानुसारको **परीक्षा शुल्क एवम सम्बन्धन शुल्क** यस कार्यालयको **नविल बैंक लि.को CALL A/C 0706010310803 मा** जम्मा गरी सो को सक्कलै भौचर र परीक्षा आवेदन फारम मिति २०७९।०३।०२ भित्र सम्बन्धित कलेजको प्रतिनिधि मार्फत पू.वि. परीक्षा व्यवस्थापन कार्यालय,विराटनगरमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन **फारम भर्न छुट भएमा २०७९।०३।०५ गतेसम्म परीक्षा आवेदन फारम भराई २०७९।०३।०६ गतेभित्र तपसिल बमोजिमको विलम्ब शुल्क सहित सम्बन्धित क्याम्पस/कलेजहरूका प्रतिनिधी मार्फत पू.वि.,परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा परीक्षा आवेदन फाराम पठाउनु पर्नेछ ।** त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान .........यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

***परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।***

**तपसिल**

१. परीक्षा आवेदन फाराम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ।

२. **परीक्षा आवेदन फारममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । तोकिएको कागजातहरु पुरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन।**

३.परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

४.परीक्षा आवेदन फारमको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

५.परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ ।

६.कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रतिविषय रू५००।- लाग्नेछ ।

***७.परीक्षा शुरु हुनु भन्दा ७ दिन अगावै सम्बन्धित कलेजले आन्तरिक मूल्याङ्कन पठाईसक्नुपर्ने छ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।***

८. **परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | शुल्क |
|---|---|
| १. नियमित | |
| २. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रू २,०००।०० |
| ३. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म) | रू १,०००।०० |
| ४. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म) | रू २,०००।०० |
| **५. सम्बन्धन शुल्क BPH (प्रति विद्यार्थी प्रति वर्ष)** | रू ३,०००।०० |
| **६. सम्बन्धन शुल्क B.Pharmacy (प्रति विद्यार्थी प्रति वर्ष)** | **रू ६,०००।००** |
| | **रू ७,०००।००** |

***नोटःकुरियर मार्फत परीक्षा फारमहरू नपठाउनु होला ।***

------------------------
सह परीक्षा नियन्त्रक